प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन: ४२५ ८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन: ४२५ ३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७ ६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
**फोन: ४२५ ९४६६**

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
४२५९११० (संघाराम विहार, ढल्को)

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन: ४२५ ९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५५
नेपाल सम्वत् ११३१
इस्वी सम्वत् २०११
बिक्रम सम्वत् २०६८

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |

# धर्मकीर्ति
## (बौद्ध मासिक)
# THE DHARMAKIRTI
### A Buddhist Monthly

**12th OCTOBER 2011**

| वर्ष- २९ | अङ्क- ६ | कर्ति पुन्हि | आश्विन २०६८ |
|---|---|---|---|




**सबै प्राणी दण्ड देखेर डराउँछन्, सबै मृत्यु देखेर डराउँछन्। त्यसैले सबै प्राणीलाई आफू समान सम्झेर घात नगर्नु र नगराउनु।**

**सबै प्राणी दण्ड देखेर डराउँछन्, सबैलाई आफ्नो प्राणको माया हुन्छ। त्यसैले सबै प्राणीलाई आफू समान सम्झी घात नगर्नु र नगराउनु।**

**आफ्नो सुखको लागि सुख इच्छा गर्ने प्राणीहरूलाई दण्डले प्रहार गर्ने व्यक्तिलाई पछि सुख प्राप्त हुँदैन।**

**मूर्खहरूले पाप कर्म गर्ने समयमा पापकर्मले दु:ख प्राप्त हुनेछ भन्ने थाहा पाउँदैनन्। तर पछि पापकर्मको फल भोग गर्नुपर्ने समयमा आगोले पोले जस्तै पोली दु:ख भोग्नुपर्ने हुन्छ।**

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# रातदिन वृद्धि हुने पुण्य कर्म

एक दिन एक जना सज्जन व्यक्ति बुद्धसमक्ष पुगी प्रश्न गऱ्यो– भो श्रमण गौतम ! रातदिन वृद्धि हुने पुण्य कार्य कुन हो ? प्रश्नको उत्तरमा बुद्ध भन्नुहुन्छ–

**आरामरोपा, वनरोपा ये जना सेतु कारका,**
**प्रपंच उदपानं च ये ददन्ति उपस्सयं,**
**तेसं दिवा च रत्तो च सदा पुञ्ञं पवड्ठति ।**

*(संयुक्त निकाय)*

अर्थात्, कसैले जनताको हितहुने गरी फुलबारी, फलफूलको बगैंचा, वृक्षारोपण गरेर जङ्गल बढाउँछ, खोला नदी तर्नलाई पुल बनाउँछ, बटुवाहरूलाई आराम गर्न मिल्ने पाटी, पौवा बनाइदिन्छ, पानीको प्यास मेटाउनको लागि कुवाँ, पोखरी आदिको व्यवस्था गर्छ, यातायातको सुविधा मिलाईदिन्छ भने उसको रातदिन पुण्य बढ्छ ।

पच्चीससय वर्ष पहिले गौतम बुद्धले भन्नुभएको कुरा वातावरणीय सुधार र संरक्षणको लागि आज पनि सान्दर्भिक र समसामयिक छ ।

बुद्धकालीन राजाहरूले बुद्धको शिक्षा अनुरूप जनताको हित हुने काम गरीराखेको कुरा पालि साहित्यमा ठाउँ-ठाउँमा उल्लेख भएको पाइन्छ ।

बुद्ध परिनिर्वाण (मृत्यु) पछि २१६ वर्षमा राजा अशोकले बुद्धको शिक्षा अनुसार जनताको हितको लागि सडकको दायाँ-बायाँ वृक्षारोपण गरिदिनुभएको, बटुवाहरूको लागि पिउने पानीको व्यवस्था गरिदिनु भएको र पशुहरूलाई समेत उपचारको लागि अस्पताल बनाइदिनु भएको कुरा ठाउँ-ठाउँमा शिला स्तम्भमा उल्लेख भएको पाइन्छ । असंख्य फूलको बगैंचा बनाइ दिएको धेरै नै उल्लेख भएको पाइन्छ ।

खोला र नदी तर्न पुल आदि बनाइदिएको धर्मको कार्य र जनहित हुने पुण्यकार्य हो ।

श्रीलंकाको इतिहास पढ्दा खेरी दुट्ठगामिनी, पराक्रम बाहु, बुद्धदास आदि राजाहरूले बुद्ध शिक्षा अनुरूप जनहित हुने फूलबारी, वृक्षारोपण, पोखरी र अस्पताल बनाइदिनु भएको कुरा उल्लेख भएको पाइन्छ ।

गौतम बुद्धले अर्को प्रसङ्गमा रोगीको सेवा गर्नु पनि ठूलो पुण्य कार्य हो भन्नुभएको छ । उहाँ स्वयम् आफूले रोगीको सेवा गर्नुभएको बुद्धकालीन घटनाहरूले बताइरहेको छ ।

एकदिन बुद्धको करूणा दृष्टिमा एकजना असहाय पूतिगततिस्स नाम गरेको भिक्षु पर्नुभयो । ती भिक्षु बिरामी भई शरीरभरी खटिरा आई पीप बगीरहेकोले असाध्यै दु:ख पाइरहेको थियो । उसलाई विचार पुऱ्याउने कोही थिएन । उसँगै बसेका भिक्षुहरूले पनि घिन मानेर बिरामी भिक्षुको नजिकसम्म पनि जाँदैनथे । सुतेकै ओछ्यानमा दिशा-पिशाब गरी ती भिक्षु नरकसरी दु:ख भोगिरहेको थियो ।

भगवान बुद्ध सरासर ती बिरामी भिक्षुकहाँ पुग्नुभयो । उहाँ आफैंले ती भिक्षुलाई मनतातो पानीले जिउ सफा गरिदिनुभयो । बिरामी भिक्षुको लुगा फेरि दिनुभयो । बुद्ध स्वयम् आएर सेवा गर्नुभएको देखेर ती भिक्षुलाई साऱ्है आनन्दको अनुभव भयो । ती भिक्षुले सम्पूर्ण दु:खबाट मुक्त भएको अरहत्व प्राप्त गऱ्यो । जीवन मुक्त भयो ।

त्यसबेला भगवान् बुद्धले भिक्षुहरूलाई भेलागरी भन्नुभयो– हे भिक्षुहरू ! तिमीहरू आमा, बुबा, घरगृहस्थी सबै त्यागेर प्रव्रजित भएका छौ । तिमीहरूले नै एकआपसमा रोगी भिक्षुको सेवा नगरे कसले गर्ला र ? हे भिक्षुहरू ! म भन्दछु– “यो गिलानं उपट्ठाति, सो मं उपट्ठाति” अर्थात् जसले रोगीको सेवा गर्दछ, उसले बुद्धको सेवा गरेको हुन्छ ।

प्रसङ्ग बदलुँ, श्रीलंकामा महिनाको एकचोटी भिक्षुहरू अस्पतालमा गई गरीब बिरामीहरूलाई औषधि किनेर दिनेगर्दछन् । बुद्धको उपदेश भएको पर्चा र पुस्तक बाँडेर दिन्छन् । धर्मको कुरा सुनेर पढेर मन आनन्द हुँदा रोग छिटो निको हुने गरेको समाचार सुन्न पाइन्छ । यो पनि रातदिन पुण्य वृद्धि हुने कार्य हो । बुद्धशिक्षा पालन गरी हामीले पनि यसरी नै रातदिन पुण्य वृद्धि हुने कार्य गर्न सकौं ।



Downloaded from http://www.dhamma.digital

# विपश्यना शिविर र आत्मदर्शन

✍ सत्यनारायण गोयन्का

*अनुवादक- विश्व शाक्य*

### सातौं दिन

साधनाको सात दिन पूराभयो । अब त तीन दिनमात्र बाँकी रहन गएको छ । अभ्यासको गहिराइसम्म पुग्नको लागि तीन दिन पनि पर्याप्त नै हुन्छ ।

एउटा महत्त्वपूर्ण कुरा नबिर्सिकन यस मार्गमा हिँड्नु पर्ने हुन्छ कि अभ्यासको निरन्तरता नै सफलताको साँचो हो । जति निरन्तर अभ्यास जारी रहन्छ उति गहिराइमा डुबुल्की मार्दै जान सक्ने होइन्छ ।

जुन काम गरिरहनुभएको छ, त्यो धेरै सरल र सोझो छ । कुनै गुह्य रहस्य छैन । शरीरको कुनै कसरत पनि होइन जो सामान्य व्यक्तिले गर्न नसकोस् । कुरा सफा छ । आफ्नो श्वासलाई हेर्न शुरू गर्‍यौं । श्वासलाई हेर्दा–हेर्दा श्वासको स्पर्श अगाडि आउन थाल्यो र त्यसैलाई हेर्न थाल्यौं । फेरि कुनै समवेदना अगाडि आउन थाल्यो । समवेदनालाई हेर्न थाल्यौं । त्यसपछि फेरि शरीरभित्रको सूक्ष्म अवस्थाको अनुभूति हुन थाल्यो । यो निरन्तरताको प्रतिफल अनुभूतिहरूको गहिराइसम्म जानको लागि यस निरन्तरता धेरै काम दिने हुन्छ तर पुरानो आदतको कारण हामी कुनै पनि कामलाई आवश्यक निरन्तरता दिन नै चाहँदैनौं । केही समय काम गर्छौं र फेरि छाडिदिन्छौं । यदि साधनामा पनि यस्तो हुन लाग्यो भने मन बाहिरी सतहमा मात्र अल्झिरहनेछ, भित्रि तहसम्म पुग्न पाउँदैन ।

यसैकारण कुराकानी गर्नमा रोक लगाएको । आर्य मौनको अनुशासन पालन गर्न लगाइन्छ । यो आर्य-मौन भनेको के हो ? मुख-बन्द गर्‍यो भने त केवल शब्दमात्र रोकियो र शब्दमात्र मौन भयो । आर्य-मौन भनेको त शरीर, वाणी र मन तीनवटैको मौनता हो । तीनैवटालाई मौन गर्नु हो । निरन्तरता बनाइराख्नको लागि आर्य-मौनको ठूलो आवश्यकता छ । वाणी र कार्यलाई मौन राख्न सक्यौं भने मात्र मन शान्त रहन सक्छ ।

अब बाकी तीन दिन छ– त्यसमा साधनाको निरन्तरतालाई अगाडि बढाउनु छ । अब त चौबीस घण्टा मौन बसेर नै साधना गर्नुछ । जति बेरसम्म आँखा बन्द गरेर ध्यान बस्ने समय हुन्छ त्यतिन्जेल आ-आफ्नो ठाउँमा आँखा चिम्लेर बसिरहेकै हुन्छौं बाँकी जुन समय हुन्छ, अब उप्रान्त, हिँड्दा, डुल्दा, नुहाउँदा, खाना खाँदा, चिया-दूध पिउँदा अर्थात् जे सुकै काम गर्दा पनि त्यसलाई थाहापाइर ाख्नेछौं यसको साथ-साथ शरीरको जुन भागमा हलचल हुन्छ त्यसको सम्वेदनालाई पनि महसूस गरिराख्नेछौं, अथवा आराम गरिराख्दा वा बसिरहँदा आँखा खुल्ला नै भएपनि भित्र के भैरहेछ त्यो जानिरहेका छौं । मनलाई सजग राखिराख्ने छौं, जागरूक गरिरहनेछौं, सचेत पारिरहनेछौं । जो भैरहेछ, त्यसलाई जानिरहेछौं । रात पर्‍यो, ओछ्यानमा सुत्यौं । रात सुत्नको लागि हो । सुत्यौं,आँखा बन्दगर्‍यौं तर निद्रा लाग्नुभन्दा पहिले फेरि एकपटक शरीरलाई हेरी अनित्य बोधको चैतन्य जागृत गरायौं । चैतन्य अवस्था हुँदा हुँदै निद्रा लाग्यो । सारै राम्रो ! बिहान ब्युँझँदा यही चैतन्य साथ ब्युँझिनेछ । अक्सर यस्तो पनि हुन थाल्ने हुन्छ कि सुतिरहेछ, भित्रको चैतन्य जागृत अवस्थामै हुन्छ । निद्रा पनि लागे झैं भैरहेको हुन्छ र सचेत पनि भैरहेको जस्तो हुन्छ । यस्तैमा सारा रात बित्ने हुन्छ । आधा निद्रा-आधा जागृति । कहिलेकहीं त पूरा जागृतिमै रात बित्ने हुन्छ । निद्राको नामोनिसान हुँदैन र पनि , यदि सारा रात अनित्यबोधको चैतन्यमा जागृत रहेको हो भने बिहान ब्युँझँदा शरीर हल्कापन महसूस हुनेछ , जसरी गहिरो निद्राबाट ब्युँझँदा हुन्छ ।

हामीले शरीरलाई पूरा आराम दिएर सुताएर राख्यौं । मनलाई पनि आराम चाहिन्छ । समतामा स्थितरहँदा मनलाई जति आराम प्राप्त हुन्छ । त्यो भन्दा धेरै गुणा बढी आनन्द समतापूर्ण जागृत अवस्थामा हुन्छ । त्यसैले भनिन्छ– “दुनिया सुतिरहेको हुन्छ, योगी ब्युँझिरहेको हुन्छ ।” कसरी ब्युँझि रहन्छ ? यस चैतन्यस्थितिमा जागृत हुन्छ । उसलाई निद्राको आवश्यकता नपर्ने हुन्छ जून मनले वर्तमान स्थितिलाई केवल द्रष्टाभावले मात्र हेरिरहने हुन्छ त्यसलाई बडो आराम प्राप्त हुने हुन्छ । जुन मन वर्तमान स्थितिबाट उत्तेजित भैरहेको हुन्छ, व्याकुल भैरहेको हुन्छ , आफ्नो सन्तुलन हराइरहेको हुन्छ त्यस्तोलाई कहाँबाट शान्ति प्राप्त हुन सक्छ । यस्तो स्थितिमा जीउ गह्रौंपन भैहाल्छ । मनको सन्तुलनलाई बिगार्न नदिने यहि नै त साधना हो । सबै स्थितिलाई तटस्थ भावले हेर्दै जानुहोस् तर याद गर्नुहोस् जागृति ल्याउने नाममा जोर जबरजस्ती नगर्नुहोस् । *क्रमशः*



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास-९

के.श्री धम्मानन्द
अनुवादक- प्रकाश बज्राचार्य

आज आधुनिक विश्वमा बुद्ध धर्म एक सभ्यताप्रेरक शक्तिको रूपमा रहेको छ। सभ्यताप्रेरक शक्तिको रूपमा बुद्ध धर्मले अनगिन्ति मानिसहरूमा आत्म सम्मान र उत्तर दायित्वको भाव जगाउँछ र थुप्रै राष्ट्रहरूको वीर्य शक्तिलाई उत्तेजित गरिदिन्छ। यसले मान्छेलाई उसैको विचार शक्ति संग अपील गरेर मानसिक प्रगतिको लागि उस्काउँछ। यसले जनतालाई धर्म र राष्ट्रको संकुचित भाव र कट्टरपना छाडेर सहन शक्तिको विकास गर्न टेवा दिन्छ। यसले मन निर्मल र संयमीपारी नागरिकहरूलाई सुधार्छ र पशु प्रवृतिलाई हटाउँछ। छोटकरीमा, बुद्धधर्मले मान्छेको सारा भविष्य उसको आफ्नै हातमा छ। उच्च लक्ष्य हासिल गर्न आफ्नो शक्ति र परिज्ञानको विकाश गर्ने क्षमता ऊ आफैसंग छ भन्ने सिकाएर आत्मविश्वासको भावलाई जागृत गर्छ।

२००० वर्ष भन्दा बढि समयदेखि बुद्ध धर्मले झण्डै एक तिहाई मानव समाजको मानसिक अभावताको पूर्ति गर्दै आएको छ। आज पनि बुद्ध धर्मको अपील उत्तिकै बलियो छ।

बुद्धको शिक्षाहरू मानव समाजको सबभन्दा धनी मानसिक स्रोतहरू मध्ये एक रहेको छ किनकि यिनीहरूले मानव प्रयासको क्षितिजलाई खालि मान्छेको सदाअसंतुष्ट आवश्यकता र भूखहरूमा मात्र समर्पित नगरी यस भन्दा माथि उठाइदिएको छ। यसको विशाल स्वरूपले गर्दा जीवन प्रति बुद्धको दृष्टिकोणमा विद्वानहरूलाई तान्ने शक्ति छ; ती विद्वानहरू जसले आफ्नो (र अरूका) मन-थकित र खालिपारि सके।

बुद्ध धर्मले गर्नसक्ने अर्को अपील यो छ कि यो यथार्थवादी छ र विश्व र जीवनको सत्य स्वरूप प्रस्तुत गर्दछ। यसले मानिसलाई मूर्खहरूको स्वर्ग (काल्पनिक स्वर्ग) तिर जालझेल गरेर तान्दैन, न त यसले मानिसहरूलाई सबै प्रकारका काल्पनिक भय र दोषिपना देखाएर तर्साउने र कष्ट दिने काम नै गर्छ। बुद्ध धर्मले ठिकसंग र मूर्तरूपमा हामीलाई यो भन्छ कि हामी को हौं, हाम्रो चारैतिरको संसार के हो र हामीलाई पूर्ण मुक्ति, शान्ति, आनन्द र सुखको बाटो देखाइ दिन्छ।

यदि आजको मानवलाई अधर्मबाट बचाउनु परेको छ भने बुद्ध धर्म नै सबभन्दा प्रभावशाली गाडी हो। किनकि बुद्ध धर्म त्यो मानव धर्म हो जसको संस्थापक त्यो मान्छे थियो जसले आफ्नो शिक्षाको विकास गर्न कुनै पनि दैवी प्रेरणा हस्तक्षेपको सहयोग लिएन। यस्तो युगमा जसमा मान्छे भौतिक जगतलाई नियन्त्रण गर्न सफल भएकोले आकुल व्याकुल भइरहेको छ, मान्छेले पछाडि फर्केर आफूले गरेको सबभन्दा गाह्रो विषयको नियन्त्रण-आफैको नियन्त्रणका सफलताका रिकर्डहरू लिएर हेर्न चाहन सक्छ यसै धर्मलाई आफ्ना थुप्रै समस्या र शंकाहरूको उत्तरका रूपमा पाउने छ।

आज बुद्ध धर्मले पश्चिमी समाजलाई पनि तानिराखेको कारण यसमा कुनै अन्धविश्वास छैन र यसले तर्क र हृदय दुबैलाई सन्तुष्ट पार्छ। यसले आत्मविश्वासको साथै अरू प्रतिको सहनशक्तिमा पनि जोड दिन्छ। यसले विज्ञान, धर्म, दर्शन, मनोविज्ञान, नीति शास्त्र र कलालाई अंगाल्छ। बुद्ध धर्मले मान्छे आफै मात्रै आफ्नो वर्तमान जीवनको श्रृष्टिकर्ता हो र ऊ नै आफ्नो भाग्यको एक्लो नक्साकार हो भनी औंल्याउँछ यस्तो छ बुद्ध धर्मको प्रकृति।

## बौद्ध नीति

बौद्ध नीति मान्छेले आफ्नै काममा लाग्ने उद्देश्यहरूको लागि बनाएका कृत्रिम वा स्वेच्छाचारी सिद्धान्तहरू होइनन्। न त तिनीहरू जबर्जस्ती लादिएका नै हुन्। मान्छेले बनाएका नियमहरू र सामाजिक चलनहरू बौद्ध नीतिशास्त्रको आधार बन्दैन।

आजको संसार डाँवाडोल स्थितिमा छ; परम्परागत मूल्यहरू उल्ट्याइदै छन्। भौतिक शंकाका शक्तिहरूले आफ्नो किरण परम्परागत नैतिकतातिर फर्काएका छन्। तैपनि संस्कृति र सभ्यतासँग सम्बन्ध राख्ने कुनै पनि व्यक्तिले व्यवहारिक नीतिहरूसंग पनि आफ्नो सम्बन्ध राख्ने छ। किनकि नीतिशास्त्र मानव चालचलनसंग सम्बन्धित छ। यो हाम्रो आफ्नै बिचको सम्बन्ध र अरूसंगको सम्बन्धसंग सम्बन्धित छ।

नीतिशास्त्रको आवश्यकता यो तथ्यबाट उठ्छ कि मान्छे प्राकृतिक रूपले आफैमा परिपूर्ण छैन; उसले असल बन्नलाई अभ्यास गर्नु पर्छ। यसरी नैतिकता प्रत्येक व्यक्तिको लागि जीवनको सबभन्दा महत्वपूर्ण पक्ष हुन आउँछ। *क्रमशः*





Downloaded from http://www.dhamma.digital

# leIf'hLjg ;lhnf]5}g

✍ भिक्षु अश्वघोष

हुनत भिक्षुको रूप देख्ने बित्तिकै कसैको मन प्रफुल्ल भई दु:ख र शोक हराएको महशूस हुन्छ । एकदिन सम्राट अशोकको मन कुनै कारणवश अशान्त हुन पुग्यो । त्यसैले उहाँले झ्याल बाहिरको दृष्य हेरिरहनु भएको थियो । त्यही समय एकजना भिक्षु शान्तपूर्वक हिंडिरहनु भएको देख्नुभयो सम्राटले । जसले गर्दा उहाँको अशान्त मनले शान्ति अनुभव गऱ्यो ।

म (लेखक) राष्ट्रिय सभामा रहँदा तत्कालिन मान-नियहरू लगायत अन्य कर्मचारीहरूले यसरी भन्नेगर्थे– "राष्ट्रिय सभामा एकजना भिक्षुको उपस्थितिले वातावरण नै अर्को भएको छ । कसैले भन्नेगर्छ– "घरबार, आमाबुबा त्यागेर आएको भिक्षु राष्ट्रिय सभामा सहभागी हुन सुहाउँदैन ।" कसैले भन्नेगर्छ– "एकछाक मात्र खाना खाएर अविवाहित जीवन बिताउने र अरूले दिएको एकछाक खाई सन्तुष्ट बनेर जीवन बिताउने भिक्षुहरूको जीवन कति आनन्दमय जीवन !

बर्माका मैण्डौं राजाले भिक्षुहरूप्रति खूब श्रद्धापूर्वक मान-सम्मान व्यक्त गर्नुहुन्थ्यो रे । बेलुका खाना नखाई अविवाहित जीवन बिताउने भएकोले । मैण्डौं राजा बेलुका एकछाक पनि खाना त्याग्न नसक्ने र राती महारानी बिना सुत्न नसक्ने व्यक्ति थिए रे । यही कारणले होला उनलाई भिक्षुहरूको परिशुद्ध जीवन प्रति श्रद्धा उत्पन्न हुन्थ्यो रे ।

कसैकसैलाई त भिक्षु रूप देख्ने बित्तिकै आँखाको कसिंगर जस्तै अप्रिय लाग्ने गर्छ । उनीहरू विचार गर्छन्– "काम गर्न अल्छि लागेर अरूको कमाईबाट प्राप्त खाना खाएर मोज मज्जासँग बस्ने मनसायले मानिसले पहेंलो लुगा लगाएर भिक्षु बन्छन् । जे होस् मानिसको आ-आफ्नै धारणा हुन्छन् ।

श्रीलंकाका प्रशिद्ध विद्वान प्रियदर्शी महास्थविरले २६ नोबेम्बर १९८४ का दिन बनेपास्थित ध्यानकुटी विहार मा सञ्चालित प्रवचन समारोहमा भन्नुभएको थियो– "भिक्षु जीवन स्वतन्त्र र सबैको हक भएको सामूहिक जीवन हो । विहार भनेको सामूहिक स्थान हो । त्यहाँ धेरै श्रद्धावान मानिसहरू गएर ज्ञानको कुरा सिक्न सक्छन् । देख्दाखेरी हलुका र राम्रो लागेपनि भिक्षु जीवन धेरै दु:खपूर्ण जीवन हो । अर्काको भरमा बाँच्नुपर्ने जीवन ।

कुनै धार्मिक स्थलको दान कार्यक्रममा हात थापी दान लिनुपर्दा आङ्ग सिरिङ्ग हुनेगर्छ । करेन्टले छोए जस्तै । आजभोलि हाम्रो नेपालका कुनै-कुनै ठाउँमा दान दिने व्यक्तिहरू भन्दा दान लिने भिक्षु-भिक्षुणीहरूको संख्या बढी हुने गरेको देखिन्छ । भगवान् बुद्ध भन्नुहुन्छ– "**परपटिबद्धा मे जीविकाति अभिन्हं पच्च वेक्खितब्बं**" अर्थात् अर्काको भरमा आवद्ध भएको भिक्षु जीवन हो । यस कुरालाई भिक्षुहरूले सदा सम्झिराख्नुपर्छ ।

दान दिने व्यक्तिहरू पनि विभिन्न प्रकारका हुने गर्छन् । कसैले शुद्ध मन सहित दान दिने गर्छन् । कसैले आफू दानी व्यक्ति भनी देखाउनको लागि दान दिने गर्छन् । भिक्षुहरूलाई दान गरेकोले धन सकियो भनी चित्त दु:खाउने मानिसहरू पनि छन् । फेरि भिक्षुहरूलाई दान दिएर झन् लाभ बढ्दै गएको भन्दै हर्षित हुने व्यक्तिहरू पनि छन् ।

कहिले काहिं मेरो मनमा कुरा उठ्ने गर्छ– "साधारण मानिसहरूले दिएको दान लिएर बाँच्न सजिलो छैन । राम्रो लाग्दैन । अरूलाई ज्ञानगुणका कुरा सुनाउन सकेन र आफूसँग गुणधर्म केही पनि रहेन भने पनि दान लिएर खाएको पचाउन सकिन्न कि भन्ने शङ्का उत्पन्न हुने गर्छ । भगवान् बुद्धले धेरैपटक भिक्षुहरूलाई अर्ती दिंदै भन्नुभएको कुरा सम्झन पुग्छु– "भिक्षुहरू ! राष्ट्रपिण्ड (जनताले दिएको खाना) पचाउन सजिलो छैन, यदी तिमीहरूको मन राम्रो छैनभने । कुनै भिक्षुहरूलाई अर्ती दिनुहुँदै भगवान् बुद्धले यसरी भन्नुभएको थियो– "**बलिबद्दोव जीरति**" अर्थात् गोरु जस्तै खाना मात्र खाएर मोटाएर बाँचिरहेका छौ ।

साँचो अर्थमा भन्ने हो भने भिक्षु भएर बाँच्न त्यति सजिलो कुरो होइन । भुइँमा सुत्न परेपनि, चीसो र बासी खाना खानपरे पनि चुपचाप सहेर खानुपर्ने हुन्छ । आजको युगमा २५ सयवर्ष पहिलेको नियम पालन गर्नुपर्ने जीवन हो भिक्षु जीवन । साधारण र धार्मिक मानिसहरूको विश्वास र विचार अनुसार भिक्षुले ढुङ्गाको मूर्ति जस्तै रहनुपर्ने हुन्छ ।

तर यसरी विचार गर्नु अव्यवहारिक र अस्वाभाविक नभए तापनि उचित ठहरिंदैन । किनभने २५ सय वर्ष पहिले को नियम अनुसार नियमलाई समातिराख्नु असम्भव नभए तापनि गाऱ्हो चाहिं पक्कै छ । गौतम बुद्धले मृत्यु शैय्यामा रहनु हुँदा भन्नुभएको थियो– "भिक्षु संघको सहमति भएमा स-साना नियमहरू छोडे पनि आपत्ति छैन ।"

तर भिक्षुहरू सहमत नहुँदा नियम पालन गर्न



Downloaded from http://www.dhamma.digital

नसक्दा पनि नियम फेर्न नमानी कट्टरपन्थी बनेका थिए थेर वादी भिक्षुहरू ।

आजको युगमा गृहस्थीहरूको श्रद्धापात्र बन्नको लागि भिक्षुहरूले उपासकहरूको इच्छा पनि पूरा गर्नुपर्ने अवस्था आउने देखिन्छ । मतलब उनीहरूलाई उपकार हुने काम पनि गरिदिनुपर्ने हुन्छ । उदाहरणको लागि विहारमा रहेको गलैंचा, सुकुल, खाना पकाउने भाँडाकुँडा उधारो लिन आउँदा दिनसक्नुपर्ने हुन्छ । पैसा उधारो लिन आउँदा दिन सक्नुपर्छ । रोजगार चाहेकालाई काम दिने मालिकसँग सम्पर्क गराइदिने, क्याम्पस प्रमुख र प्रधान अध्यापकसँग सम्पर्क गराइदिने मात्र होइन अपराध मामलामा जिल्लाधिशसँग भेटघाट गराइदिने काम समेत गराइदिन सक्नुपर्ने हुन्छ ।

आजभोलि भिक्षुहरूलाई उपदेशदिएर मात्र पुग्दैन । पुरोहितको काम देखि पुस्तक प्रकाशनार्थ प्रेसमा धाउनुपर्ने, पत्रिका सम्पादन गर्नुपर्ने, संघसंस्था सञ्चालन गर्नुपर्ने, विहार निर्माणमा हात हाल्नुपर्ने, चन्दा आएको लाखौं रकमको पोको जिम्मा लिएर विहार निर्माण कार्य गर्नुपर्ने । तर यस्तो काम गर्न भिक्षु नियमले दिँदैन । किनभने लोभको कारणले रूपैयाँ हिनामिना भयो भने भिक्षुत्त्वबाटच्युत हुनेछ । केवल नारीसँगको यौन सम्पर्कले मात्र पाराजिका (भिक्षुत्त्व भावबाट च्युत) हुने होइन ।

भिक्षु जीवनमा अर्को ठूलो समस्या हो– वृद्धावस्थामा बिरामी हुँदा हेरचाह गर्ने व्यक्तिहरूको अभाव । लुगा धुन पर्दा आइपर्ने समस्या । भिक्षुहरू नारीहरूको सम्पर्कमा आउन नहुने विनय छ । तर आजभोलि बस चढेर जानुपर्दा महिलाहरूसँगै सीटमा बसेर जानुपर्ने हुन्छ । बिरामी पर्दा हेरविचार पुऱ्याउने व्यक्तिहरू त धेरैजसो उपासिकाहरू नै हुन्छन् । नेपालमा मात्र होइन, बर्मा, श्रीलंका, थाइलैण्ड आदि बौद्ध देशहरूमा भिक्षुहरूको सेवा सश्रुषा गर्ने व्यक्तिहरूमा विशेषगरी महिलाहरू नै हुने गर्छन् । त्यसैले भिक्षुहरू नारी वर्गसँग टाढा रहने नियम रूपी अपवादबाट बच्न त्यति सजिलो छैन ।

त्यसैले होला सन् १९८४ नोवेमबर २३ मा भृकुटी मण्डपस्थित बुद्ध विहारमा श्रीलंकाका पियदस्सी महास्थविरले भन्नुभएको थियो –

धेरैजसो भिक्षु र विहारको रक्षा गर्ने कार्यमा सेवा गर्ने व्यक्ति नारी वर्ग नै पर्छन् । नारी वर्ग रहेन भने भिक्षुहरू चाँडै लोप हुनेछन् । यस कुरामा निस्पक्ष भएर बिचार गर्नुपर्ने देखिन्छ ।

अर्को समस्या छ पाहुना सत्कारको । हामी थाइलैण्ड, म्यान्मार (वर्मा) श्रीलंका, चीन आदि बौद्ध देशहरूमा जाँदा उहाँहरूले हामीलाई मान-सम्मानपूर्वक पाहुना सत्कारगरी कारमा राखी घुमाउने गर्छन् । तर उहाँहरू हाम्रो देशमा आउँदा हामीले सुविधापूर्वक बसोवास गर्ने व्यवस्थासम्म पनि मिलाउन असमर्थ हुन्छौं । कारमा राखी घुमाउने त कता-कता । अनि आफ्ना निकततम उपासकहरू सम्झी एकदिनको लागि मोटर माग्न पुग्छौं त त्यसबेला कहिले ड्राइभरको अनुपस्थिति, कहिले केटाकेटीहरू स्कूल पठाउनुछ आदि जवाफ मिल्ने गर्छ । त्यसैले नेपालमा पनि कतिपय भिक्षुहरू रहने विहार होटल जस्तैगरी निर्माण भइसकेका छन् ।

प्रसङ्ग बदलौं, आज थाइलैण्डका भिक्षुहरू सुविधामुखी र विलासीमय जीवन बिताइरहेका देखिन्छन् । यसमा भिक्षुहरूको भन्दा पनि श्रद्धालु दाताहरूको दोष देखिन्छ । यसको मूल कारण अति श्रद्धा हो । श्रीलंकाका राजमहाविहार का अधिपति भिक्षुहरू जमिन्दार अवस्थामा पुगेका छन् । तत्कालिन राजाहरूले भिक्षु संघलाई भोजनको कष्ट नहोस् भनी सैकडौं रोपनी खेत दान दिएका थिए । तर आज त्यही भूमी व्यक्तिगत रूपमा उपभोग भइरहेका देखिन्छन् । सांघिक व्यवस्था नाम मात्रको रहेको छ । पारिवारिक अधिकारको सम्पत्तिमा परिणत भइसकेका छन् ।

सन् १९८४ दिसेम्वर महिनामा आनन्दकुटी विहार मा पहिलोपटक अन्तर्राष्ट्रिय भिक्षु सम्मेलन हुँदा एक थाइ भिक्षु धम्मधीर महास्थवीरले भन्नुभएको थियो– नेपालमा भिक्षुहरूको संख्या नबढाए हुन्छ । नेपालमा भिक्षुत्व भावमा बाँच्न त्यति सजिलो छैन ।

अन्त्यमा भन्ने हो भने भगवान बुद्धले आशा गर्नुभएको भिक्षु जीवनको लक्ष्य साधा जीवन, नि:स्वार्थी जीवन र अल्पेक्षा जीवनलाई आज भिक्षुहरूले विर्सन पुगेका देखिन्छन् । यसको जिम्मेवारी विदेशी र स्वदेशी अति श्रद्धालु दाताहरूको पनि छ । यो राम्रो लक्षण होइन । बुद्धले भन्नुभएको थियो–

**“अञ्ञाहि लाभु पनिसा अञ्ञा निब्बाण गामिनी”**

**अर्थात्, लाभ सत्कारको बाटो अर्कै । निर्वाणको बाटो अर्कै ।** ❖



Downloaded from http://www.dhamma.digital

## संक्षिप्त चिनारी

# नेपालका पूज्यपाद संघनायक
# भिक्षु बुद्धघोष महास्थविर

बुद्धजन्मभूमि नेपाल राष्ट्रमा जहाँनिया राणाशासनको अन्त्यतासँगै स्थविरवाद बुद्धधर्मको पुनर्जागरण जगमगाएको थियो । बि.सं. १९७५ (सन् १९२८) मा नेपालकै इतिहासमा पुनर्जागरित थेरवाद बुद्धधर्ममा पहिलो प्रव्रजित-श्रमणका रूपमा **भिक्षु महाप्रज्ञा**को उद्‌भवसँगै बि.सं. १९७८ (सन् १९३०) **भिक्षु प्रज्ञानन्द** (कर्मशील) को उदय हुन्छ । दुबैजनाले भारतको कुशीनगरमा म्यान्मारका श्रद्धेय ऊ. चन्द्रमणि महास्थविरको उपाध्यायत्वमा श्रामणेर-दीक्षा प्राप्त गरेका थिए । राणाशासनको अन्त्यता अनि प्रजातन्त्रको गोधुलीसँगै धर्म, भाषा, समाज, राजनीति, शिक्षा आदि क्षेत्रमा आमूल परिवर्तनका लागि ठूल-ठूला अभ्यास जारी रहे । त्यतिबेला बुद्धधर्मको जागरणमूलक प्रचार एवं नेपाल भाषाको प्रचारमा लाग्नेहरूसमेत देश निकालामा परे, जेल जीवनजस्तो कष्टकर जीवन यापन गर्नुपरेको थियो । तत्कालीन श्री ३ जुद्ध शम्शेर महाराजले बि.सं. २००१ श्रावण १५ गतेका दिन आठजना नेपाली भिक्षु-श्रामणेरहरूलाई स्वदेशबाट निकाला गरेको कलंकित इतिहास जीवित नै छ । क्रूरतम अमानवीय देश निकालाको त्यो कालो दिवसले बुद्धधर्म र नेपालभाषा-भाषेलीहरूमा झन् उर्जा प्रदान गरेझैं भयो । त्यसका विरूद्ध विभिन्न अभियानकै लागि बि.सं. २००१ कार्तिक १५ गतेका दिन सारनाथमा **"धर्मोदय सभा"**को गठन हुन्छ।



*जन्मः वि.सं. १९७८ आश्विन शुक्ल एकादशी*
*दिवंगत : वि.सं. २०६८ आश्विन ७ गते शनिवार*

सारनाथबाटै प्रकाशित हुने **"धर्मदूत"** ले भिक्षुहरूको स्वदेश आगमनार्थ ठूलो सहयोगी भूमिका निभाउन प्रयास जारी राख्यो । पछि **"धर्मोदय"** प्रकाशनद्वारा बुद्धधर्म र नेपालभाषा दुबैलाई सँगसँगै अगाडि बढाउने कार्य भयो । नेपाली भिक्षु अमृतानन्दको सक्रियता एवं श्रीलंकाली शुभेच्छुक शिष्टमण्डलको पहलमा निष्काशित भिक्षुहरूलाई स्वदेश आगमनमा छूटको घोषणा गर्न श्री ३ पद्म-शम्शेर महाराज बाध्य हुन्छ ।

भिक्षु महाप्रज्ञा तथा भिक्षु प्रज्ञानन्दपछि क्रमशः भिक्षुहरू शाक्यानन्द, धर्मालोक, अनिरूद्ध, अमृतानन्द, सुबोधानन्दको उदयसँगै बुद्धशासनिक चर्याहरू थपिँदै जान्छ । उहाँहरूको अविस्मरणीय योगदानलाई बिर्सन सकिने छैन भने उहाँहरू नै नेपालको थेरवाद बुद्धशासनमा अग्रगण्य व्यक्तित्व थिए । उहाँहरूको आगमनपछि बि.सं. २००१ मा धर्मोदयको स्थापना, २००८ सालमा अखिल नेपाल भिक्षु महासंघको स्थापना, २०१३ सालमा चतुर्थ विश्व बौद्ध सम्मेलनार्थ मार्ग खुल्दै



Downloaded from http://www.dhamma.digital

गए। विस्तारै विहारहरू पनि थपिँदै जान्छ र भिक्षुसंघले विनय सम्मतिको आधारमा नेपाल अधिराज्यव्यापी स्थविरवाद बुद्धशासनका नायकका रूपमा **पूज्यपाद संघमहानायक भिक्षु प्रज्ञानन्द महास्थविर**लाई **पहिलो संघमहानायक**का रूपमा स्थापित गरेयता क्रमशः **द्वितीय संघनायक भिक्षु शाक्यानन्द महास्थविर, तृतीय संघनायक भिक्षु अनिरूद्ध महास्थविर, चौथो संघनायक भिक्षु सुबोधानन्द महास्थविर**लाई पदासीन गरिएको थियो। बि.सं. २०६० चैत्र १६ का दिन भिक्षुसंघले नेपालका संघनायक भिक्षु सुबोधानन्द महास्थविर तथा संघउपनायकमा भिक्षु बुद्धघोष महास्थविरलाई संघसम्मतिअनुसार पदस्थापन गरेको थियो। गत २०६३ जेठ २ नेपालका चतुर्थ संघनायक भिक्षु सुबोधानन्द महास्थविरको निधनपश्चात् भिक्षुसंघले संघसमागमबीच सुमङ्गल विहारको सीमागृहमा संघकर्म गरी **संघनायकको पतिट्ठापनविधि**पूर्वक २०६३ जेठ २४ गते संघउपनायक **भिक्षु बुद्धघोष महास्थविरलाई "नेपालको पाँचौं पूज्यपाद संघनायक"** का रूपमा प्रतिस्थापन गरिएको थियो। ८७ वर्षीय नवनियुक्त नेपालका पूज्यपाद संघनायक भिक्षु बुद्धघोष महास्थविर ललितपुरस्थित सुमङ्गल विहार, लुँखुसिमा विगत पाँच दशकभन्दा अगाडिदेखि निरन्तर आवासीय रूपमा बस्दैआउनुभएको छ।

थेरवाद बुद्धधर्मको पुनर्जागरणकालले बामे सरेको इतिहासकालीन व्यक्तित्वमध्ये वर्तमान नेपालका संघनायक भिक्षु बुद्धघोष महास्थविर एक सशक्त व्यत्तित्व हुनुहुन्छ। त्यतिबेला सारनाथबाट प्रकाशन हुने **"धर्मदूत"** बौद्ध मासिक पत्रिकाको अध्ययनले काठमाडौंस्थित ठँहिटीको क्वाबहालमा पिता पूर्णानन्द तथा माता सूर्जमायाको कोखबाट वि.सं. १९७८ आश्विन शुक्ल एकादशीका दिन जन्मेका **सप्तरत्न वज्राचार्य** तत्कालीन प्रभावशाली भिक्षु प्रज्ञानन्दको सम्पर्कमा पुगे। भिक्षु प्रज्ञानन्दको प्रभावले बि.सं. १९९७ माघ शुक्ल पूर्णिमा (सिपुन्हि) का दिन कुशीनगरमा ऊ. चन्द्रमणि महास्थविरको उपाध्यायत्वमा सप्तरत्नले श्रामणेरदीक्षा प्राप्त गरी **"श्रामणेर बुद्धघोष"** मा परिणत भए। पुनर्जागरित बुद्धशासनिक क्षेत्रमा वज्राचार्य कुलबाट प्रथम श्रमण जीवनमा प्रवेश गर्नुहुने सप्तरत्न गुरुजु श्रामणेरदीक्षा प्राप्तपछि विशुद्ध बुद्धधर्म अध्ययनार्थ बर्मातिर लाग्नुभयो, बुद्धधर्मसम्बन्धी ६ वर्षसम्म अध्ययनपछि नेपाल फर्कनुभयो। अध्ययनकै क्रममा वि.सं. २००० आषाढ शुक्ल सप्तमीका दिन (सन् १९४३) जातवेङ्गको मण्डले नामक सीमागृहमा अग्गमहापण्डित ऊ. केतुमाला महास्थविर (भउँप्याँ सयादो) को उपाध्यायत्वमा श्रामणेर बुद्धघोष उपसम्पदादीक्षा प्राप्त गरी **भिक्षु बुद्धघोष**मा परिणत हुनुभयो।

भिक्षु बुद्धघोष नेपाल फर्कनुभएपछि पाटनमा सर्वप्रथम भिक्षुसंघलाई दान दिइएको सुमङ्गल विहारमा पहिलो वर्षावास बस्नुभयो। तथागत शास्ताको उपदेशलाई कर्मकाण्ड विधिमा मात्रै सीमित पारी अविद्याले थिचारिएर जन्मजात बौद्ध हौं भन्नेहरूका माझ परियत्ति, प्रतिपत्ति तथा प्रतिवेध (ध्यानभावना) विषयसम्बन्धी सुगठिलो बुद्धोपदेशलाई उपदेशको माध्यमबाट विभिन्न जिल्लामा पुग्नुभई धर्मप्रचारमा सरिक हुनुभयो। सुगतपुर विहार, त्रिशूलीमा रहँदा उपासक धर्मरत्न शाक्य 'त्रिशुली' सँगै बुद्धधर्मसम्बन्धी विषयगत अध्ययनको प्रकृया थाल्नुभयो। परियत्ति, प्रतिपत्ति तथा प्रतिवेध त्रिआयामिक बुद्धशासनको चर्यालाई अध्ययनअध्यापनको माध्यमले अगाडि बढाउँदैलान बुद्धधर्म र पालि साहित्यको अध्यापनलाई संस्थागत एवं व्यवस्थितरूप दिने क्रममा पूज्यपाद संघनायक भिक्षु बुद्धघोष महास्थविरले बु.सं. २५०७ (बि.सं. २०२०) मा **"नेपाल बौद्ध परियत्ति शिक्षा"** को स्थापना गर्नुभई नेपालको परियत्ति शासनमा अग्रज भूमिका निभाउनुभयो। उहाँले परियत्ति शिक्षालाई मजबूत पारी थेरवाद बुद्धशासनिक हिँडाइमा लम्काउन जुन प्रयास गर्नुभयो, त्यो नेपालकै इतिहासमा अविस्मणीय पानाको रूपमा रहीरहने छ। उहाँले पालि त्रिपिटकसाहित्यअन्तर्गत २२ वटा पुस्तकहरू लेखन, अनुवाद एवं सम्पादन गर्नुभई धार्मिक चेतना अभिवृद्धिका लागि योगदान पुऱ्याउनुभएको छ। बुद्धशासनको इतिहासमा अति नै महत्वपूर्ण मानिने सन् १९५४(१९५६ म्यान्मार्मा सम्पन्न छैठौं धर्मसंगायनामा संघनायक भिक्षु बुद्धघोष महास्थविरले संगीतिकारकका रूपमा



Downloaded from http://www.dhamma.digital

धर्मोदय सभाबाट नेपालको प्रतिनिधित्व गर्नुभएको थियो । उहाँको बुद्धशासनिक योगदानलाई कदर गरी सन् १९९९ मा म्यान्मार् सरकारले "**अग्गमहासद्धम्म-जोतिकधज**" उपाधिले विभूषित गरिएको नेपाली मात्रैका लागि गौरव एवं प्रतिष्ठाको विषय हो ।

थेरवाद बौद्धजगतमा ख्यातिप्राप्त भिक्षु सुमंगल, भिक्षु सुदर्शन, भिक्षु ज्ञानपूर्णिक, अनागारिका माधवी, अनागारिका धम्मवती आदि संघनायक भिक्षु बुद्धघोष महास्थविरकै शिष्य हुन् । संयुत्तराज्य अमेरिकाको बोष्टर्नमा बस्नुहुने भिक्षु प्रज्ञालोक महास्थविर पनि उहाँकै शिष्य हुन । वर्तमान उहाँ संघनायक विभिन्न बौद्ध संघसंस्थाका संस्थापक हुनुहुन्छ भने उहाँले अखिल नेपाल भिक्षु महासंघको अध्यक्ष पद पनि सम्हाल्नु भइसक्नुभएको छ । अझै विभिन्न बौद्ध संघसंस्थाहरूमा धर्मानुशासक, संरक्षक, सल्लाहकार रहनुभएको छ । गम्भीर धर्म अभिधर्मका ज्ञाता, विनयशील, विनयपालक, सौम्य र मृदुभाषाका धनी, मैत्रीयुक्त क्षमाशील गुणले सम्पन्न, कल्याणमित्रताको स्वभावयुक्त व्यक्तित्ववान भिक्षुका रूपमा बौद्धजगतमा छुट्टै विशेषतासहितको पहिचान भएका भिक्षु बुद्धघोष महास्थविरलाई नेपालका पाँचौं पूज्यपाद संघनायकका रूपमा पदस्थापन गरिएको सुखद् धम्ममुदित विषयअन्तर्गत **अखिल नेपाल भिक्षु महासंघ**को तत्वावधानमा नेपालका संघउपनायक भिक्षु अश्वघोष महास्थविर, भिक्षु महासंघका अध्यक्ष आचार्य भिक्षु कुमार काश्यप महास्थविरलगायत सम्पूर्ण भिक्षु, श्रामणेर, अनागारिका, उपासक, उपासिका तथा बौद्ध संघसंस्थालगायत नेपालका सम्माननीय सभामुख श्री सुवास नेम्वाङको उपस्थितिमा नेपालका पूज्यपाद संघनायकले बुद्धभूमि नेपाल राष्ट्रमा आजीवन प्रव्रजित हुनुभई बुद्धधर्म, बौद्धसंस्कृति तथा ध्यानभावनासहितका बुद्धशासनिक क्षेत्रमा आजीवन समर्पित भई पुऱ्यानुभएको योगदानलाई स्मरण गरी बु.सं. २५५०, कृष्णपक्ष तृतीया वि.सं २०६३ भाद्र १० शनिवार, ञ्लाथ्व तृतीया ने.सं. ११२६, 26th August 2006 का दिन सामूहिक रूपमा धार्मिकमय वातावरणमा अभिनन्दन समारोह आयोजना गरिएको थियो ।

गत केही वर्ष अगाडिदेखि बिरामी हुनुभएका नेपालका संघनायक भिक्षु बुद्धघोष महास्थविर वि.सं. २०६८ आश्विन ७ गते विहान ५:२० बजे तदनुसार २४ सेप्टेम्बर २०११ का दिन उहाँकै आवासीय विहार ललितपुरस्थित सुमंगल विहार, लुँखुसीमा ९१ वर्षको उमेरमा निधन हुनुभयो । बुद्धजन्मभूमि नेपालको बुद्धधर्ममा अतुलनीय योगदान पुऱ्याउनुभएका, विनयनियम पालनमा अग्रगण्य, ध्यान-साधनाका विशिष्ट गुरु, प्रकाण्ड बौद्ध विद्वान, नेपालमा औपचारिक रुपमा बुद्धशिक्षा-नेपाल बौद्ध परियत्ति शिक्षाका संस्थापक ९१ वर्षीय अति पूजनीय नेपालका संघनायक भिक्षु बुद्धघोष महास्थविरको पार्थिव शरीरलाई ९ गते दिउँसोसम्म सुमङ्गल विहारमैं अन्तिम दर्शनार्थ राखी धार्मिक विधिपूर्वक शवयात्रासहित शंखमूलमा अन्तिम संस्कार गरियो । दिवंगत संघनायकको निधनप्रति राष्ट्रपति डा. रामवरण यादव, थाइलैण्डका संघराजा ञाणसंवर महास्थविर, श्रीलंकका महानायक कोटुगोड महास्थविरलगायत थुप्रै शोक सन्देश प्राप्त भए । एकीकृत नेपाल कम्युनिष्ट पाटी माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, सभासद् पम्फा भुसाल, सभासद् राजकाजी महर्जन, नेपाल कम्युनिष्ट पार्टी एमालेका वरिष्ठ नेता केपि ओली, उपाध्यक्ष बामदेव गौतम, सभासद् प्रदीप ज्ञवाली, नेपाली काँग्रेसका सभापति सुशील कोइराला, उपसभापति प्रकाशमान सिंह, उपसभापति रामचन्द्र पौडेल, महामंत्री कृष्ण प्रसाद सिटौलालगायत राजनीति नेताहरु, सभासद्हरु उपस्थित हुनुभई श्रद्धांजली अर्पण गर्नुभयो । एकीकृत नेपाल कम्युनिष्ट पाटी माओवादी, नेपाल कम्युनिष्ट पार्टी एमाले, नेपाली काँग्रेसलगायत अन्य पार्टीबाट शोक सन्देश प्राप्त भएका थिए ।

आज २०६८ आश्विन ७ गते शनिवार दुःखद् निधन भएको महामहिमसमक्ष जानकारीका लागि दिवंगत संघनायक श्रद्धेय भिक्षुको संक्षिप्त जीवनीसहित यो पत्र आज्ञानुसार संप्रेषण गरेको छु । अनिच्चावत संखारा ॥

✍ **भिक्षु कोण्डन्य**





Downloaded from http://www.dhamma.digital

# धम्मपद – २४४

✍ प्राज्ञ रीना तुलाधर (बनिया)
*'परियत्ति सद्धम्म कोविद'*

**वितक्कूपम थितस्स जन्तुनो, तिब्बरागस्स सुभानुपस्सिनो**
**भिय्यो तण्हा पवड्ढति, एस खो दलहं करोति बन्धनं**

*अर्थ–* नाना प्रकारको वितर्क गरी, तीव्र रागले युक्त भई शुभ राम्रो भन्ने भ्रान्ति लिएर बस्छ, त्यसको तृष्णा अति बढ्छ र यसबाटै उसलाई ठूलो बन्धन हुन्छ ।

**वितक्कूपसमे च यो रतो, असुभं भावयति सदा सतो**
**एस खो व्यन्ति काहिनी, एस छेज्जति मारबन्धनं**

*अर्थ–* संकल्प विकल्पलाई शान्त गर्नमा लागीपरेर, जागृत भई अशुभ भावना गरीरहनेले जन्मबाट मुक्तभई मार बन्धन तोडी दिन्छ, तृष्णाको विनाश गर्छ ।

*घटना–* उपरोक्त गाथाहरू भगवान बुद्धले जेतवन विहार मा बस्नु हुँदा एउटा भिक्षुको कारणमा भन्नुभएको थियो ।

एकदिन एउटा युवा भिक्षु सलाक दानमा प्राप्त भएको सलाक लिएर त्यसको जाउला खान आशन शालामा गए । तर त्यहाँ पानी नभएकोले पानी लिन एउटा घरमा गए । त्यस घरमा बस्ने एउटी केटीले त्यो युवा भिक्षुलाई देख्ने बित्तिकै उनीसँग मोहित भएर भनिन्– "भोलिपर्सि पनि पानी चाहिने बेला मकहाँ नै आउनुस् ल ।" पछिबाट त्यो युवा भिक्षु पानी चाहियो भने त्यहिं जाने गरे । बिस्तारै केटीले जावला दिइन्, पछि भोजन दान पनि दिइन् । भोजन दान दिएपछि भिक्षुकोसँगै बसी प्रेमपूर्वक कुरा गर्न थालिन् । यसरी हुँदा-हुँदै केही दिनपछि केटीसँग मोहित भएर भिक्षुलाई पनि चीवर त्यागी भिक्षु जीवन छोडेर गृहस्थ जीवनमा जाने इच्छा हुन थाल्यो । प्रेमाकर्षणको कारण युवा भिक्षु दुब्लो, पातलो हुँदै गयो ।

एकदिन बाहिरबाट आएका भिक्षुहरूले उनको यस्तो दशा देखी उनीलाई के भयो भनेर सोधे । युवा भिक्षुले आफू प्रव्रजित भएर बस्ने मन नभएको गृहस्थ भएर जाने इच्छा भएको व्यक्त गरे । अनि उसलाई भिक्षुहरूले आचार्यहरूकहाँ लगे । आचार्यहरूले उसको कुरा बुझी फेरि भगवान बुद्ध कहाँ लिएर गए ।

भगवान बुद्धले सोध्नुभयो– "के तिमीलाई साँच्चै भिक्षु जीवन छोड्नु मन लागेको हो ?"

युवा भिक्षुले 'हो भनेर स्वीकार गरे ।

भगवान् बुद्धले भन्नुभयो– "हे भिक्षु तथागतको शासन जस्तो ठाउँमा प्रव्रजित भएर आएपछि स्रोतापन्न, सकृदागामि भनाउनुको सट्टा किन यसरी असन्तुष्ट भएर बस्यौ ?"

युवा भिक्षुले कुनै केटीले यसो उसो भन्दै प्रेमको कुरा गरेर आफ्नो मन बिचलित भएको कुरा सुनाए ।

त्यतिबेला भगवान् बुद्धले उक्त केटीले पूर्व जन्ममा पनि आफ्नो पतिलाई त्यागेर एउटा डाँकुको प्रेममा आकर्षित भएर पछि-पछि लाग्न खोजेको अतीत कथा सुनाउनुभयो । "त्यो जन्ममा डाँकुको हातबाट पति चाहिँको मृत्यु भएको र त्यो पति चाहिँ वर्तमान जीवनमा तिमी आफै हौ र पत्नी चाहिँ अहिले तिमीलाई फसाउने केटी हो भन्दै" भगवान् बुद्धले अतीत कथाको कुरा पनि जोड्नुभयो ।

बुद्धले भन्नुभयो– "त्यो केटीको कारणबाट उत्पन्न भएको तृष्णा उखेलीदेउ ।"

यसरी उपदेश दिनुभई भगवान बुद्धले उपरोक्त गाथाहरू भन्नुभयो ।

"धर्मदेशना सुनेपछि युवा भिक्षु स्रोतापन्न भए । ❖

**धर्मकीर्ति विहारको विशेष सदस्यहरु**

*क्र.सं. ६९७*

**सुरेश बज्राचार्य**
जगतपाल महाविहार
चिलाँध्व, कीर्तिपुर
रु. १००५/–

*क्र.सं. ६९८*

**बलसुदन राजभण्डारी**
सुन्धारा ललितपुर
रु. १००५/–

*क्र.सं. ६९९*

**नीलमानसिं तुलाधर**
टेंगल
रु. १०१०/–



Downloaded from http://www.dhamma.digital

# महाभिनिष्क्रमणको मार्मिक प्रसङ्ग

# चुपचाप गृहत्याग गरेका थिएनन् बुद्धले–२

✍ **सीताराम अग्रहरि**

... यो व्याख्या तर्कको कसीमा खरो उत्रँदैन ।" अम्बेडकरको विचारमा यो प्रव्रज्याको कारण शाक्य र कोलियहरूबीच रोहिणी नदीको जल विवाद हो । अम्वेडकरले बुद्ध एण्ड हिजधम्ममा सिद्धार्थले आमा, बा, श्रीमतीसँग आज्ञा लिएर छोरा राहुललाई माया गरेर गृहत्याग गरेको तथा विदाको बेला यशोधराले लोककल्याण पथ खोज्ने निवेदन गरेको दावी गरेका छन् ।

यो दावी तर्कसम्मत देखिन्छ र अन्य कैयौं बौद्ध विद्वानलेसमेत यसको पुष्टि गरेका छन् । कता कता बुद्धले आफ्ना श्रीमतीसँग विश्वासघात पनि गरे कि, जस्तो विवेचनाहरू पनि हुँदै आएको छ । खासगरी यशोधरा साहित्यकारहरूका लागि एक उर्वर पात्र बन्दै आएकी छन् । यशोधराको भावना, वेदना आफ्नो ठाउँमा अनुचित पनि छैन । परम्परागत मान्यता अनुरूप बुद्ध एक्लै चुपचाप घर छाडेर निस्केका हुन् । यो कुरा बुद्धको स्वभाव, चरित्र बुझ्दा पनि सुपाच्य देखिँदैन । उनमा पर्याप्त आत्मविश्वास थियो । उनले अकस्मात गृहत्यागको निर्णय गरेका पनि हो इनन् । हो उनी करूणामय थिए । उनी चिन्तनशील थिए । उनी सोचिरहन्थे, दुनियामा यति दु:ख किन छ ? बलिया मानिसले निर्धाको शोषण किन गरिरहेका छन् ? मानिस एक आपसमा किन लडिरहन्छन् ?

राजा शुद्धोधन छोरा कतै सन्यासी बन्छन् कि भन्ने डरले चिन्तित रहन्थे । छोरालाई कामभोगका लागि सबै बन्दोबस्त गरे, तीन अलग महल बनाउन लगाए र प्रधानमन्त्री उदायीलाई सुन्दरी तरूनीहरूद्वारा सिद्धार्थको मन जित्न व्यवस्था गर्न खटाए । उदायीले एकान्तमा सिद्धार्थलाई भने, प्राचीनकालमा इन्द्रसमेतले गौतम ऋषिको पत्नी अहिल्यालाई आलिंगन गरेका थिए । यस्तै, अगस्त्य ऋषिले सोममाया रोहिणीसँग औतथ्य पत्नी मरूतकी पुत्री ममतासँग ऋषि वृहस्पतिले सहवास गरेको फलस्वरूप भारद्वाजको जन्म भएको आदि अनेकौं उदाहरण दिए । तर्कदिए, महान् पुरुषले समेत काम-भोग गरे भने प्रशंसनीय कामभोगको सेवनमा दोष नै के छ र ? (आनन्द श्रीकृष्ण: गौतमबुद्ध र उनका उपदेश)

बुद्धले विनम्रता तर दृढतापूर्वक जवाफ दिए म संसारका विषयहरूको अवज्ञा गर्दिन । मलाई थाहा छ, सारा जगत् यिनै कुरामा आसक्त छ तर किनभने म जान्दछु कि सारा संसार अनित्य छ, त्यसैले मेरो मन तिनमा रमाउँदैन ... जहाँसम्म ठूल ठूला महात्माहरू विषयको वशीभूत भएको प्रश्न छ यस विषयमा पनि प्रमाण छैन किनभने अन्त्यमा उनीहरू पनि क्षयलाई प्राप्त भए ।

बुद्धले लामो तर दृढतापूर्वक मन्तव्य राख्दै उदायीलाई भने, 'आशा छ तपाईंले मलाई विषयभोगको अशोभन कुपथमा लग्नुहुनेछैन ।' यस्ता थिए बुद्ध । २० वर्ष पुगेपछि प्रत्येक तरूणलाई शाक्यसंघमा दीक्षित हुनुपर्थ्यो । संघका आठ नियम थिए । आठ वर्षसम्म सिद्धार्थ संघका प्रिय सदस्य रहे तर त्यसपछि घटनाक्रमले नयाँ मोड लियो । सिद्धार्थ २८ वर्षका भइसकेका थिए । शाक्यहरूसँगै टाँसिएको कोलियहरूको राज्य थियो र बीचमा थियो रोहिणी नदी । दुबै राज्य यो नदीका पानीले सिंचाई गर्थे । यदाकदा उपभोगका कुरामा दुवै पक्षबीच विवाद भइरहन्थ्यो । कहिलेकाहीं युद्धको स्थिति पनि उन्पन्न हुन्थ्यो । संघको सभा डाकियो । सिद्धार्थ र शाक्य सेनापतिबीच समस्याको समाधानका उपायबारे मतभेद उत्पन्न भयो । सेनापति युद्धका लागि तत्पर थिए तर सिद्धार्थ युद्ध चाहँदैनथे । सिद्धार्थको मत थियो कि युद्ध कहिल्यै कुनै समस्याको समाधान हुनसक्दैन । (डा. भीमराव आम्वेडकर) । सिद्धार्थको विचार थियो, परस्पर एक अर्काको विनाश गर्नुमा बुद्धिमानी छैन । सिद्धार्थ यो पनि मान्दथे झगडा शाक्य पक्षधरले नै उठाए यसैले गलती शाक्यहरूकै छ । यो ठूलो कुरा थियो । सिद्धार्थ पारम्परिक मान्यता अनुसार राष्ट्रवादी थिएनन्, उनी मानवतावादी र सत्यका पक्षधर थिए । उनले सुझाव दिए, शाक्य र कोलियहरूका तर्फबाट दुईदुई जना रोजियोस्, ती चार जनाले मिलेर एक पाँचौं व्यक्तिको चयन गरोस् र ती पाँचजना मिलेर विवादको समाधान गरून् । उता, सेनापतिको कथन थियो कि कोलियहरूलाई कडा दण्ड दिइनुपर्छ । ब्राह्मणको धर्म हो यज्ञ गर्नु, क्षेत्रीको धर्म हो युद्ध गर्नु, वैश्यको धर्म हो व्यापार र शुद्रको धर्म हो सेवा गर्नु । उनको विचारमा प्रत्येकले आफ्नो धर्म निर्वाह गर्नुपर्छ । अनि सिद्धार्थले जवाफ दिए, वैरले कहिल्यै वैर शान्त हुँदैन । त्यो मात्र अवैरबाट शान्त हुन्छ । आगोले आगो कहिल्यै निभ्न सक्दैन, त्यो मात्र पानीले निभ्न सक्छ । झगडाबाट झगडा कहिल्यै सुल्झिन सक्दैन ।

*क्रमश:*

*साभार- 'गोरखापत्र' दैनिक*



Downloaded from http://www.dhamma.digital

# संगायना स्वंगू नापं कथावत्थुप्पकरण भाग–२

✍ भिक्षु उपतिस्स

३) बुद्धं ४५ दँ तक देशना याना बिज्या:गु धर्मस्कन्ध छरे जुयाच्वंगु स्वाँ थें जुल । लेखन प्रक्रिया उबले तकं आरम्भ हे मजूनिगु जक मखु सूत्र कण्ठ ब्वंका जिम्मा नं बिया मत:गु हे जुल । उकिं धर्मविनय बाँलाक सम्पादन याना रक्षायानातयेमा:गु आवश्यकतायात सम्पूर्ण यायेया लागिं संगायना यायेगु खँ जुल ।

४) बुद्ध परिनिर्वाण जुया बिज्यात धा:गु खँ न्यना महाकाश्यप भन्ते भिक्षुपिं नापं पावा नगरं कुशीनगरय् बिज्यात । पृथक जन भिक्षुपिं भगवान बुद्ध परिनिर्वाण जुया बिज्या:गु वियोगं त:त:सकं ख्वल । उबले बुरा जुइ धुंका: प्रव्रजित जूम्ह सुभद्र भिक्षुं 'आयुष्मान्पिं ! शोकयायेमते, ख्वयेमते थ्व याये ज्यू, थ्व याये मज्यू धाम्ह व महाश्रमण पाखें भीपिं मुक्त जुल । आ झी छु यो व याय् नु छु मयो व याये म्वाल धका इपिं भिक्षुपिन्त आश्वासन बिल । थ्व खँ न्यना महाकाश्यप भन्तेयात धर्मसंवेग जुल । थ्व धर्मविनय नाश जुइगु लक्षण ख:, नाश जुइगुया आरम्भ नं सुभद्रं छक्व: ब्यूगु आश्वासन नाप नापं जुइफु । थुकथं व:गु दुर्मत मिथ्याधारण हटेयाना धर्मविनय रक्षायाना तयेत ज्या: सुरू यायेत्यल धका: या:गु निर्णय प्रथम संगायनाया निदान ख: ।

**संगायनाया लागिं तयारी :**

बुद्ध परिनिर्वाण २१ न्हू दुखुन्हु सर्वज्ञधातु इना ब्यूगु थासय् महाकश्यप भन्ते नं भिक्षुपिन्त स:ता गुलिचां मदय् वं धर्मविनय कमजोरी जुइफूगु सम्भावना खँका बिज्यात । अधर्म थाहाँ वया दुर्मत धारीपिनिगु पाखें बिनयविरोधी ज्याखँ नं जुइफूगु जुया धर्मविनययात ब:लाका बचेयाना तयेत याकनं संगायना यायेमा:गु खँ महाकाश्यप भन्ते नं धया बिज्यात । वसपोलयागु विचा: छगू स: लं ज्यू धका अनुमोदन यापिं भिक्षुपिन्सं संगायनाया लागिं योग्य भिक्षुपिं ल्ययेगु अभिभारा नं वसपोलयात ब्यूगु जुल ।,

भिक्षुसंघं अनुमोदन यायेवं महाकाश्यप भन्ते नं चतुप्रतिसम्भिदालाभी अर्हन्त जूपिं भन्तेपिं ४९९ म्हेसित ल्यया बिज्यात । उबले तकं अर्हन्त मजूम्ह स्रोतापन्नम्ह धर्म भण्डागरीक आनन्द भन्तेयात याकनं अर्हत मार्गफल लाभयाना संगायनाय् सहभागी जुयेत आश्वासन बियात:गु जुल ।

मगध राज्यया राजगृह नगरय् संगायना यायेमा: धका: निर्णयया:पिंस्थविर भिक्षुपिं आषाढपुन्ही सर्खुन्हु अन वर्षावास च्वंबिज्यात । न्हापांयागु महीनाय् (लच्छि यंक) आराम (विहार) जीर्णोद्धार याना बिज्यात । महाकाश्यप भन्ते मगधय् बिज्याना कन्हे खुन्हु हे अजातशत्रु जुजु नापलाना संगायना जुइत्यंगु खँ न्हयथना जुजुपाखें रक्षा व सहयोग नं बीमा:गु खँ जानकारी बिल । जुजु लय्ताया स्वीकार याना बिज्यात । राजगृह नगरय् वेभार पर्वतया मुलय् सप्तपर्णिगुफा न्हयोनय् आँगनय् मण्डप दयेके बिया थ: हे प्रमुखम्ह दाता जुया मा:गु सहयोग नापनापं रक्षा व ब्यबस्था याना बिल । उगु आँगनय् संगायना याये छन्हू न्हय: "पुण्ययानातम्ह छ याकनं अर्हत् जुइ" धका बुद्धं बियात:गु आश्वासन लुमंका धैर्य धारण याना च्वंम्ह आनन्द भन्ते कायगतासति शरीर सम्बन्धी भावना अभ्यास यायां अर्हत्व लाभयाना बिज्यात ।

**विनय संगायनाया ल्यू धर्म संगायना यायेगु :**

सप्तपर्णि - आँगनय् दयकात:गु मण्डपय् आनन्द भन्ते नापं न्यास: भिक्षुपिं सहभागी जुयेवं "विनय बुद्ध शासनायागु आयु ख:" धा:गु वचनयात शिरोपरयासें विनययात प्रमुखता बिया न्हापां विनय संगायना यायेमा: धका निर्णय या:गु जुल । संगायनाय् मूलासन ग्रहण याना बिज्याम्ह महाकाश्यप भन्ते नं उपालि भन्ते पाखें विनय सम्बन्धी निदान - पुग्गलवत्थु-पञ्ञत्ति आदि छगू छगू शिक्षापद बारे बाँलाक सीकेमा:गु १७ गू कारण त न्यना बिज्यात । उपालि भन्ते नं न्यंगु फुक्क न्ह्यस:या लिस: ब्यु ब्युं शिक्षापद २२७ गुलिं जा:गु भिक्षुविभंग, शिक्षापद ३०४ गुलिं जा:गु भिक्षुणी विभंग, अले खन्धक व परिवार कथं छगू छगू भाग नं ब्वना बिज्यात । विनय शिक्षापद दक्व ब्वने धुंका अनुमत याना बिज्या:पिं संगायना कारक सकल भिक्षुपिन्सं पालकं छगू हे सलँ गुञ्जायमान जुइक सज्झायना याना बिज्यात । थुकथं बुद्धं कना बिज्यानात:गु धर्मया दुने च्वंगु निषेधात्मक विविध नियमत वर्गिकरणयाना छगू थासय् तथा 'विनयपिटक' धका: नामाकरण या:गु



Downloaded from http://www.dhamma.digital

जुल । विनय पिटकया दुनय् ला:गु ग्रन्थ न्यागू थथे ख–

| | | | |
|---|---|---|---|
| १) पाराजिकपालि<br>२) पाचित्तियपालि | विभंग | ३) महावग्गपालि<br>४) चुल्लवग्गपालि | खन्धक |

५) परिवारपालि – परिवार

थुपिं विनयग्रन्थ कण्ठवयेका रक्षायाना यंकेगु अभिभारा उपालि भन्ते प्रमुख वसपोलया शिष्य पुच:यात ब्यूगु जुल । भिक्षु संघयागु विनय-नियम (नीति) अन्तर्गत जुयाच्वंगु थ्व विनयपिटकयात आणा (आज्ञा) देशना नं धायेगु या: ।

**धर्मसंगायना :**

विनय संगायना याये सिधेवं धर्मसंगायना यायेगु आरम्भ जुल । लिपा 'सूत्रपिटक' व 'अभिधर्म पिटक' धका निगू भाग थला छुटे यानात:गु निगू भागयात नं (संगायनान्हय:) 'धर्म' हे धयात:गु ख: । मूलासन ग्रहण याना बिज्याम्ह महाकाश्यप भन्ते नं आनन्द भन्ते पाखें सूत्रपिटक सम्बन्धी प्रश्न न्यना बिज्यात । आनन्द भन्ते नं उत्तर बिया बिज्यात । संगायना कारक भिक्षुपिन्सं व दक्व अनुमत याना सज्झायना याना बिज्यात । थुकथं सज्झायनाया:गु सूत्र पिटकय् ला:गु ग्रन्थ न्यागू थथे ख:-

१) दीर्घनिकाय　　२) मज्झिम निकाय
३) संयुक्त निकाय　　४) अंगुत्तर निकाय
५) खुद्दक निकाय

*खुद्दक निकाये १५ ग्रन्थ दु–*

| | | |
|---|---|---|
| १) खुद्दकपाठ | २) धम्मपद | ३) उदान |
| ४) इतिवुत्तक | ५) सुत्तनिपात | ६) विमान वत्थु |
| ७) पेतवत्थु | ८) थेरगाथा | ९) थेरीगाथा |
| १०) जातक | ११) निद्देस | १२) पटिसम्भिदा मग्ग |
| १३) अपदान | १४)बुद्धवंश | १५) चरिया पिटक |

सूत्रपिटकया ग्रन्थ कण्ठयाना रक्षायायेगु अभिभारा ल: ल्हाना ब्यूगु थथे ख : –

१) दीर्घनिकाय – आनन्द भन्ते प्रमुख शिष्य परिषदयात
२) मज्झिम निकाय – सारीपुत्र भन्तेया शिष्य परिषदयात
३) संयुत्त निकाय – काश्यप भन्ते प्रमुख शिष्य परिषदयात
४) अंगुत्तर निकाय – अनुरूद्ध भन्ते प्रमुख शिष्य परिषदयात
५) खुद्धक निकाय ग्रन्थ १५ गू सामूहिक कथं रक्षायायेगु नितिं सकल सघंयात

**अभिधर्म संगायना :**

"अभि" व 'धर्म' निगू शब्द मिलेजुया अभिधर्म (अभिध्मम) बनेजूगु ख: । अभि धा:गुया अर्थ 'विशेष' अथवा 'उच्चतर जूगुलिं अभिधर्म जूवंगु : । विनयपिटकय् भिक्षु-भिक्षुणीपिनिगु नियम अन्तर्गतयाना संयत रूप बियात:गु धर्म उपदेश समूह जुलसा सूत्रपिटकय् विशेषत: उपासक उपासिकापिनिगु इहलोक व परलोक भिंजुइगु जीवन मंगलमय जुइगु धर्म उपदेश समूह उपदेश अन्तर्गत यानात:गु जुल । अभिधर्म पिटकय् भगवान बुद्धयागु 'परमार्थ-देशना ' संकलन यानात:गु जुल । बौद्ध दर्शनया चित्त चैतसिक रूप व निर्वाण सम्बन्धी विशेष भाग जुया थ्वयात अभिधर्म धा:गु ख: । अभिधर्मया उपदेश दकले न्हापां भगावन बुद्धं थ: मां महामाया देवीयात तावतिंस देवलोकय कनाबिज्यागु जुल । धर्म सेनापति सारिपुत्र भन्ते अभिधर्मया ज्ञानदुपिं मध्ये प्रमुखम्ह भन्ते धका मानेयानात:गु जुल ।

थुकथं उपदेश रूपं कनात:गु सूत्रपिटकया दुनय ला:गु चित्त सम्बन्धी गम्भीरगु विषय उच्चतरगु विशेष धर्मयात संगायना याना छ्थायसं संकलन याना प्रस्तुतया:गु जुया 'अभिधर्म जूवंगु ख: । अभिधर्म पिटकया प्रश्न समाधान आनन्द भन्ते नं याना बिज्या:गु ख: । अनंलि दक्व भिक्षुसंघ मुना पालकं सज्झायना याना बिज्यात । अभिधर्म पिटकया दुने ला:गु ग्रन्थ ७ गू थथे ख: –

| | | |
|---|---|---|
| १) धम्मसंगिनी | २) विभंग | |
| ३) धातुकथा | ४) पुग्गलपञ्त्रत्ति | |
| ५) कथावत्थु | ६) यमक | ६) पट्ठान |

थुगु अभिधर्मपिटक कण्ठयाना रक्षायायेगु अभिभारा सारीपुत्र भन्तेया शिष्य अभिधम्मिक भन्तेयात ल:ल्हाना ब्यूगु जुल । अभिधर्म पिटकया 'कथा वत्थु पकरण' सम्राट अशोक जुजुया शासकनकालय् मोग्गलीतिस्स भन्तेया अध्यक्षताय् या:गु स्वंगूगु संगायनाय् प्रस्तुतया:गु न्यागूगु ग्रन्थ ख: (थ्व ग्रन्थ विषय लिपा चर्चा याये) अभिधर्म पिटक छ्गू दर्शन-शास्त्र नं जूगुलिं थुकी च्वंगु तत्त्व-रूप साधारण जनपिन्सं नं थुइका काय् फैगु कथं स्वगूगु संगायनां लिपा रचना या:गु विशेष कृति निगू 'अभिधम्मावतार' व 'अभिधम्मत्थसंगह' नं अध्ययनयात धा:सा अभिधर्म पिटकया अध्ययन सुगम, सहज जुइफु ।　　*क्रमश ...*



Downloaded from http://www.dhamma.digital

# दृढ भावनामा भगवान्

**नरेन्द्रनाथ भट्टराई**

कोही मानिस शून्य आकाशतिर हेरेर भगवानको पुकारा गर्छन्, कोही जड चट्टानको मूर्तिलाई अँगाल्छन् भने कोही आँखा चिम्लिएर आफूभित्रै डुबेर मस्त हुन्छन् । जे गरे पनि ठीक छ यदि त्यहाँ दृढता छ भने, अनि जे गरे पनि गलत छ यदि त्यहाँ भावना छैन भने ।

